# जिल्ला समन्वय समितिको कार्यालय
## धनकुटा

फोन नं. ०२६-५२२-१२३,१२४,१२५,७९१
इमेल:ddc.dhankuta.mofald@gmail.com

**कोशी प्रदेश, नेपाल**


प.सं : २०८३/८४
मिति :२०८३/०४/१२

च.नं. : ८

**विषय : २०८३ बैशाख, ज्येष्ठ र आषाढ महिनामा सम्पादित क्रियाकलाप विवरण पठाइएको ।**

श्री राष्ट्रिय सूचना आयोग
नयाँवानेश्वर, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८३ बैशाख, ज्येष्ठ र आषाढ महिनामा यस जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाबाट सम्पादन भएका क्रियाकलापहरुको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरी यसै पत्रासाथ संलग्न राखी ताहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

(हरिप्रसाद अधिकारी)
जिल्ला समन्वय अधिकारी
जिल्ला समन्वय अधिकारी

**बोधार्थ**
श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा ।
श्री जिल्ला हुलाक कार्यालय, धनकुटा ।

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८३ साल बैशाख, जेठ र असार महिनामा सम्पादित क्रियाकलाप विवरण

### जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

जिल्ला समन्वय अधिकारी

(सूचना अधिकारी)

जिल्ला समन्वय समितिको परिचय

नेपालको संविधानको धारा २२० मा व्यवस्था भए वमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा जिल्ला सभा ऐन, २०७५ मा भएको कानुनी व्यवस्था अनुरुप जिल्ला सभा तथा जिल्ला समन्वय समिति गठन भइ सञ्चालनमा रही आएको छ ।

**१. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० वमोजिम)**

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्वन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेद्वार हुने

**२. जिल्ला सभाको काम कर्तव्य र अधिकार**

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सो को अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय, प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

**३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तब्य र अधिकार**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा ब्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको ।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा ब्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

जिल्ला समन्वय अधिकारी

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

**४. जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सभाका काम, कर्तव्य र अधिकारहरु:-**

नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्नेछ भनि जिल्ला सभा ऐन, २०७५ को दफा ६ मा व्यवस्था भए अनुसार जिल्ला सभा तथा जिल्ला समन्वय समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

**४.१ ऐनको दफा ३ बमोजिमका काम, कर्तव्य र अधिकारहरु:-**

नेपालको संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विकास कार्यमा समन्वय

ख) अनुगमन कार्य

ग) सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य

घ) क्षमता विकास कार्य

ङ) व्यवस्थापन कार्य

च) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

छ) भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य

**४.२ ऐनको दफा ४ बमोजिमका अन्य कार्य अन्तर्गतका कार्यहरु:-** जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको।

**५. जिल्ला समन्वय समितिको पदाधिकारी विवरण:**

जिल्ला समन्वय समिति प्रमुख - १

जिल्ला समन्वय समिति उपप्रमुख - १

जिल्ला समन्वय समिति सदस्य - ७

जम्मा - ९ जना




जिल्ला समन्वय अधिकारी

६. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी तथा हाल कार्यरत विवरणः

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | १ | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | सव इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | ० | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | २ | करार |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | २ | २ | करार |
| जम्मा | | | | | १२ | १० | |
| १० | नायव सुव्वा | रा.प.अन.प्रथम | | | १ | १ | करार (प्रमुखज्यूको निजी सचिवालयमा) |
| ११ | चौकीदार (सुरक्षा गार्ड) | | | | | १ | करार |
| १२ | सरसफाईकर्मी | | | | | १ | करार |

जिल्ला समन्वय अधिकारी

७. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको संगठन संरचना:




जिल्ला समन्वय अधिकारी

**८. ऐन, नियम र निर्देशिकाहरुको विवरणः**

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ख) जिल्ला सभा ऐन, २०७५

ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त नेपाल सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ ।

**९. मुख्य मुख्य क्रियाकलाप विवरणः**

क) कोशी प्रदेश सरकारबाट आ.व. २०८२/८३ मा स्वीकृत भइ यस धनकुटा जिल्लास्थित कोशी प्रदेश सरकारका कार्यालयहरुबाट एवम् यस जिल्लास्थित स्थानीय तहहरुबाट कार्यान्वयन भइरहेका योजना/कार्यक्रमहरुको कार्यान्वयनको प्रगतिको अवस्थाका सम्बन्धमा यस जिल्लाका सातवटै स्थानीय तह अन्तर्गत प्रदेश सरकार मातहतका पूर्वाधार विकास कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जलश्रोत तथा सिंचाई कार्यालय, कृषि ज्ञान केन्द्र,भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र लगायतका कार्यालयहरुबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको यस कार्यालयबाट प्रमुखज्यू एवम् सम्बन्धित प्राविधिक समेतको उपस्थितिमा अनुगमन गरि कोशी प्रदेश सरकारमा प्रतिवेदन गरिएको ।

ख) ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९(१) बमोजिम गठित नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, धनकुटाको जिल्ला समन्वय समितिका प्रमुखज्यूको संयोजकत्त्वमा मिति २०८३/०२/०१ गते बैठक बसी यस मिति २०८३/०२/०३ गते यस जिल्ला सहिदभूमि गाउँपालिका र धनकुटा नगरपालिकाले उत्खनन् तथा विक्री वितरण गरिरहेको ढुङ्ग, गिट्टी तथा बालुवाको अनुगमन गर्ने र मिति २०८३/०२/०९ गतेका दिन जिल्लाको साँगुरीगढी र चौविसे गाउँपालिकाले उत्खनन् तथा बिक्री वितरण गरिरहेको ढुङ्गा, गिट्टी तथा बालुवाको अनुगमन गर्ने निर्णय भए अनुसार मिति २०८३/०२/०३ गतेका दिन धनकुटा नगरपालिका तथा सहिदभूमि गाउँपालिकाको सिमानामा अवस्थित फङ्सुवा खोलाबाट उत्खनन् तथा बिक्री वितरण भइरहेको ढुङ्गा, गिट्टी तथा बालुवाको अनुगमन गरिएको र सोही दिन सहिदभूमि गाउँपालिका वडा नं. ७ को बरबोटे पाखोटोलस्थित शिवम् सिमेन्ट उद्योगमा लैजाने प्रयोजनका लागि दन्तकाली क्वेरिजद्वारा उत्खनन् भइरहेको चुनढुङ्गाको अनुगमन गरी आवश्यक सुझाव प्रदान गरियो । साथै जिल्ला अनुगमन समितिद्वारा नै मिति २०८३/०२/०३ गतेका दिन यस जिल्लाको साँगुरीगढी गाउँपालिकास्थित लेउती खोलाबाट उत्खनन् भइरहेको ढुङ्गा, गिट्टी तथा बालुवाको अनुगमन गरी गाउँपालिकालाई आवश्यक सुझाव प्रदान गरियो साथै सोही दिन चौविसे गाउँपालिकास्थित छरुवा खोला, नावा खोला तथा रबुवा खोलाबाट समेत भइरहेको ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन् भएको सम्बन्धमा समेत अनुगमन गरि आवश्यक सल्लाह सुझाव प्रदान गरियो ।

ग) गणतन्त्र दिवस, २०८३ (ज्येष्ठ १४ र १५ गते दुई दिनसम्म) भव्यताका साथ मनाउने सन्दर्भमा जिल्लास्तरीय समारोह समितिका संयोजक एवम् जिल्ला समन्वय समिति,धनकुटाका प्रमुख श्री निरेन तामाङज्यूको अध्यक्षता मिति २०८३/०२/१२ गतेका दिन बसेको बैठकबाट भएको निर्णयानुसार मिति २०८३/०२/१४ र १५ गतेका दिन यस जिल्लामा विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस- २०८३ सभ्य एवम् भव्य रुपमा जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालय, संघ संस्था, राजनैतिक दल तथा नागरिक समाज समेत सक्रिय सहभागीतामा मनाइयो ।

घ) मानव अधिकार मञ्च, इलामको आयोजनामा एवम् जिल्ला समन्वय समिति धनकुटाको संयोजन र जिल्लास्थित पालिकाहरुसँगको समन्वयमा मानव अधिकार मञ्च इलामले मिति २०८३/०२/२० देखि २४ सम्म पाँचदिन इलाममा यस जिल्लाका सातवटै स्थानीय तहका न्यायिक समितिका पदाधिकारी ३ जना र एक जना उजुरी प्रशासक सहित ४ जनाका दरले तथा जि.स.स.का पदाधिकारी र कर्मचारी समेतगरी जम्मा ३२ जनालाई विवाद्, मेलमिलाप र न्यायिक समितिको कार्यसम्पादन प्रक्रियाबारे कार्यशाला तालिम सञ्चालन गरिएको ।

ङ) साविक जिल्ला विकास समितिको कार्यालय, धनकुटा समेत पुनरावेदक (विपक्षी) र चन्द्रकला धमला विश्वकर्मा, देवनन्दन महतो समेत प्रत्यार्थी निवेदक रहेको मुद्दा नं. ०७१-CI-०००५ मा सम्मानित सर्वोच्च अदालत, संवैधानिक इजलासबाट मिति २०७४/०९/२१ मा ...तत्कालीन पुनरावेदन अदालत धनकुटाको मिति २०७०/१२/२६ को (पुनरावेदन अदालत धनकुटाबाट मिति २०७०/१२/२६ मा ...निवेदकहरु कार्यरत रहेको पदको हकमा समेत पदपूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्नु गराउनु भनि विपक्षी जिल्ला विकास समिति धनकुटाका नाममा परमादेशको आदेश जारी भएको) आदेश सदर भएकोमा तत् पश्चात यस कार्यालयबाट उक्त फैसला आदेश कार्यान्वयन गरी पदपूर्ति प्रकृया अगाडी बढाउनका लागि हालसम्म पहल भइरहेको र हाल श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प.सं. २०८२/०८३, च.नं. ५१२, मिति २०८३/०३/०८ को पत्रमार्फत उपरोक्त फैसला/आदेश कार्यान्वयन गरी कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ को उपदफा (३) को ब्यवस्था बमोजिम प्रकृया अबलम्बन गरी पदपूर्तिका लागि पहल गर्न उपयुक्त हुने सुझाव लेखी पठाउने भनी मन्त्रालयको (सचिवस्तर) मिति २०८३/०३/०५ मा निर्णय भई सुझाव समेत प्राप्त भएको हुँदा सोही सुझाव अनुरुप उपरोक्त पदपूर्ति प्रक्रिया अगाडी बढाउनका लागि प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर पठाइएको छ ।

च) जिल्ला समन्वय समितिका शाखा अधिकृतलाई श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको लागि स्थानीय तहका महिला तथा बालबालिका शाखासँग कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गरी प्रतिवेदन पेश गर्ने लगायतका कार्य गर्ने गरी फोकल पर्सन (सम्पर्क व्यक्ति) तोकिएकोम र श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट आ.व. २०८२/०८३ मा यस जिल्लास्थित स्थानीय तहमा रहेका महिला तथा बालबालिका/सामाजिक विकास शाखाबाट भएको कार्यसम्पादन तथा प्रगतिका सम्बन्धमा अनुगमन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रम प्राप्त भएको र यस कार्यालयबाट जिल्लास्थित सातवटै स्थानीय तहमा रहेका महिला तथा बालबालिका शाखाको अनुगमन गर्ने कार्य सम्पन्न गरिएको छ ।

छ) मिति २०८२/०३/०८ गतेका दिन जिल्ला समन्वय समितिका प्रमुखज्यू, उपप्रमुखज्यू, जिल्ला समन्वय अधिकारीज्यू, धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू तथा जिल्ला समन्वय समिति तथा धनकुटा नगरपालिकाका इन्जिनियर समेतको टोलीका साथै निर्माण कम्पनीका प्रमुख तथा सम्बन्धित प्राविधिक समेतको उपस्थितिमा धनकुटा जिल्ला धनकुटा नगरपालिका वडा नं. १ र २ स्थित निर्माणाधिन हिले-मधुगंगा सडकको स्थलगत अनुगमन गरि सम्बन्धित ठेकेदार कम्पनीलाई निर्माणका क्रममा पिच बिग्रिएको ठाउँमा यथाशीघ्र रुपमा सुधार गर्नुका साथै समयमै सडक निर्माण कार्य सम्पन्न गर्नका लागि सुझाव प्रदान गरिएको साथै धनकुटा नगरपालिकालाई सडकको गुणस्तर खस्किन नदिन नियमित अनुगमन गरिरहन समेत सुझाव प्रदान गरिएको छ ।

ज) आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश सरकार र धनकुटा जिल्लाका स्थानीय तहहरुको सहलगानीमा यस जिल्लाका धनकुटा/पाख्रीवास/महालक्ष्मी नगरपालिका र छथर जोरपाटी/सहिदभूमि गाउँपालिकालाई पायक पर्ने गरी आपतकालीन सेवा केन्द्र स्थापनाको लागि श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना तथा जिल्ला समन्वय समितिको समन्वयमा श्री आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय इन्द्रमणी पराजुलीज्यूको प्रमुख आतिथ्यतामा एवम् जिल्ला समन्वय समितिका प्रमुखज्यूको समन्वय एवम् स्थानीय तहका प्रमुख/अध्यक्षज्यूहरुको समुपस्थितिमा भएको छलफलमा यस जिल्लामा आपत्कालीन सेवा केन्द्र स्थापनाको लागि DPR गर्ने र DPR Report अनुसार आपत्कालीन सेवा केन्द्र स्थापनाको अगाडी बढाउने निर्णय भएको छ ।

झ) जिल्ला समन्वय समितिबाट यस जिल्लास्थित सातवटै स्थानीय तहहरुमा रहेको असुल उपर गर्नुपर्ने बेरुजु बढ्दै गएको र असुल उपर गर्नुपर्ने बेरुजु कायम भएका कर्मचारीहरुले उक्त बेरुजु फरफारक नगरी कार्यालयमा नियमित कार्य समेत गर्दै आएको विषय मन्त्रालयबाट भएको स्थलगत अन्तरक्रियाबाट देखिएको सन्दर्भमा मन्त्रालयमा गुनासो समेतका आधारमा स्थानीय तहमा असुल गर्नुपर्ने बेरुजु तत्काल दाखिला गराउन का लागि आवश्यक समन्वय गरिएको छ ।

ञ) जिल्ला समन्वय समितिबाट हुने अनुगमन तथा समन्वयका कार्यहरु नियमित रुपमा भइरहेको ।



जिल्ला समन्वय अधिकारी

**१०. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:**

आ.व. २०८२/८३ मा यस कार्यालयलाई संघीय सरकारबाट देहाय बमोजिम बजेट प्राप्त भइ खर्च भएको छ।

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेटको खर्च विवरण:**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त वार्षिक बजेट | २०८३ असार मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | १,०१,२७,०००।०० | १,०१,११,५९४।१२ |
| २ | नीजि सचिवालय करार कर्मचारी | ४,६२,०००।०० | ४,६१,४९०।०० |
| ३ | पानी तथा विजुली, सञ्चार महशुल लगायत अन्य अनिवार्य दायित्त्व खर्च | ३६,००,०००।०० | ३४,१५,१२८।०० |
| ४ | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | ६,००,०००।०० | २,४९,२७०।०० |
| ५ | अनुगमन तथा भ्रमण खर्च | ११,००,०००।०० | ८,७९,०००।०० |
| जम्मा | | १,५८,८९,०००।०० | १,५१,१६,४८२।१२ |

**ख) श्री महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रलयबाट सामाजिक विकास कार्यक्रम अन्तर्गत जिल्लास्थित स्थानीय तहका महिला तथा बालबालिका शाखाको अनुगमन गर्ने प्रयोजनार्थ प्राप्त रकम तथा खर्च विवरण:-**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८३ असार मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | कार्यक्रम अनुगमन अनुदान | ५०,०००।०० | ४४,२९८।०० |
| जम्मा | | ५०,०००।०० | ४४,२९८।०० |

**ग) कोशी प्रदेश सरकारबाट प्राप्त बजेट तथा खर्चको विवरण:-**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८३ असार मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | इन्धन कार्यालय प्रयोजन | २,५०,०००।०० | २,५०,०००।०० |
| २ | अनुगमन मूल्याङ्कन भ्रमण खर्च | २,५०,०००।०० | १,५५,५३४।०० |
| जम्मा | | ५,००,०००।०० | ४,०५,५३४।०० |

**११. अन्य आन्तरिक आम्दानी विवरण: ००।-**

जिल्ला समन्वय अधिकारी